सूचना मेरो अधिकार
त्रैमासिक बुलेटिन
वर्ष ५ । अङ्क ४ । बैशाख - असार (२०८२)

# राज्यको लगानीमा जनताको निगरानी बढाउनु पर्छ – राष्ट्रपति पौडेल



राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा लोकतन्त्रको संथागत विकासका लागि सरकार र सार्वजनिक निकायको सूचनामा नागरिकको पहुँच सुनिश्चित हुनुपर्ने धारणा व्यक्त गर्नुभएको छ। उहाँले पारदर्शिता र जवाफदेहिता नै सहभागितामूलक लोकतन्त्रको आधारभूत आवश्यकता भएको बताउनुभयो। राष्ट्रिय सूचना आयोगको १८ औं स्थापना दिवसको अवसरमा आयोगले बैशाख २२ गते राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजना गरेको समारोहमा उहाँले त्यस्तो बताउनुभएको हो। उहाँले सूचनाको हकलाई संविधानमै मौलिक हकका रूपमा व्यवस्था गर्ने दक्षिण एसियाकै पहिलो मुलक नेपाल भएको जिकिर समेत गर्नुभयो। उहाँले भन्नुभयो, “राज्यको लगानीमा जनताको निगरानी भएन भने मुलुकमा कुशासन मौलाउँछ, विधिको शासन अवरुद्ध हुन्छ र सरकार तथा सार्वजनिक निकायमा स्वेच्छाचारिता बढ्छ।” उहाँले गणतन्त्रमा नागरिकलाई सशक्त बनाउन, राज्यको लगानीमाथि उनीहरूको निगरानी बढाउन र शासन प्रणालीलाई पारदर्शी बनाउन विश्वव्यापी रूपमा सूचनाको हकको आन्दोलनले व्यापकता पाउँदै आएको चर्चा गर्नुभयो।

सूचनाको हकले सरकार र सार्वजनिक निकायको काम कारवाही प्रति नगरिकको परीक्षण र मूल्याङ्कन गराउँछ भन्दै उहाँले यसबाट नै सरकारप्रतिको विश्वास अभिवृद्धि हुने हो भन्नुभयो। उहाँले भन्नुभयो, “यस कारणपनि सार्वजनिक निकायका कामकारवाहीको परीक्षण र निगरानी गर्न सूचनाको हकको प्रभावकारी कार्यान्वयन अत्यावश्यक छ, सूसुचित समाजले मात्रै लोकतन्त्रलाई क्रियाशील गराउँछ भन्ने हामी सबैले मनन गरौं।” सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सरकार जनताको सूचनाको हकप्रति प्रतिबद्ध रहेको बताउनुभयो। जनताले चाहे जस्तो सूचनाको हकको कार्यान्वय हुन नसकेको बताउँदै उहाँले यसकालागि सूचनाको हकसम्बन्धी ऐनमा संशोधन हुनुपर्ने आवश्यकता समेत औंल्याउनुभयो। सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले सुशासन कायम गर्नु अहिलेको सबभन्दा ठुलो चुनौती रहेको अवस्थामा सुशासन कायम गर्न सूचनाको हकको कार्यान्वयन सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेश प्रसाद आचार्यले आयोग जनताको सूचनाको हकको कार्यान्वयनका लागि सधैं प्रतिबद्ध रहेको बताउँदै एक ठाउँमा कार्यक्रम गरेर आयोगको वार्षिकोत्सव मनाउनु पर्याप्त नरहेको जिकिर गर्नुभयो। उहाँले भन्नुभयो,





"आयोगको वार्षिकोत्सव आयोगले मनाएर मात्र पुग्दैन । हरेक तहका सरकारले मनाउनु पर्छ । हरेक तहका सरकारले मनाउन सक्यो भने कम्तीमा ७६१ वटा कार्यक्रममा एक दिनमा हुँदै गर्दा आमनागरिकमा सूचनाको हकको विषयमा जानकार हुने अवसर प्राप्त हुन्छ । उक्त कार्यक्रममा आयोगका सचिव दिर्घराज मैनालीले स्वागत र संचालन, उपसचिव देबेन्द्र कार्कीले गर्नुभएको थियो ।

सो अवसरमा आयोगका तर्फबाट ५५ हजार रुपैयाँ नगदसहित 'सर्वोत्कृष्ट अभियन्ता पुरस्कार' तारानाथ दाहाललाई प्रदान गरिएको थियो । त्यसैगरी दीपक रिजाल, गजेन्द्र बुढाथोकी, कविता थापा र हरिराम कोण्डालाई 'उत्कृष्ट अभियन्ता पुरस्कार' प्रदान गरिएको थियो । पुरस्कारको राशि जनही ३० हजार रुपैयाँ छ । त्यसै गरि 'उत्कृष्ट सूचना अधिकारी पुरस्कार' बाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सूचना अधिकारी देवीप्रसाद थपलिया, मध्यपुर थिमि नगरपालिका भक्तपुरका सूचना अधिकारी केशव सिलवाल, जिल्ला हुलाक कार्यालय चितवनका सूचना अधिकारी पदम कुमार श्रेष्ठ, मन्थली नगरपालिका रामेछापका सूचना अधिकारी हेमन्तकुमार बुढाथोकी र छत्रदेव गाउँपालिका अर्घाखाँचीका सूचना अधिकारी वृद्धिराम न्यौपानेलाई पुरस्कृत गरिएको थियो । पुरस्कारको राशि जनही ३० हजार रुपैयाँ रहेको छ । सो अवसरमा आयोगका उत्कृष्ट कर्मचारीलाई समेत पुरस्कृत गरिएको थियो ।

# बिचौलियादेखि सावधान र सचेत हुनुपर्छ – मन्त्री गुरुङ

सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सूचनाको हक नागरिकको मौलिक हकसँगै सुशासन कायम गर्ने महत्त्वपूर्ण आधार भएको बताउनु भएको छ। राष्ट्रिय सूचना आयोगले शुक्रबार आयोजना गरेको सूचनाको हकसम्बन्धी विभाग स्तरीय अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले सूचनाको हकको संरक्षण गर्न आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। सो अवसरमा उहाले सूचना मागकर्ताको आफ्नो पहिचान र प्रयोजन खुलाएर मात्रै सूचना दिने परिपाटी बसाल्न समेत सुझाव दिनुभयो। सूचनाको गलत प्रयोग गर्नेहरू पनि भएकाले सचेत भई सही सूचना प्रवाह गर्न कर्मचारी समक्ष हुनुपर्नेमा उहाँले जोड दिनुभयो। "नागरिक र समुदाय सुसूचित हुने खालका सूचना दिनुहोस्। साथै बिचौलियादेखि सावधान र सचेत हुनुपर्छ," मन्त्री गुरुङले भन्नुभयो।




अहिले समाजमा सामाजिक संजालले धेरै बिकृति भित्र्याएको र नियमनकै प्रक्रियामा रहेको प्रसंग उल्लेख गर्दै मन्त्री गुरुङले सामाजिक सञ्जाल 'प्लेटफर्म' सञ्चालकहरु अनिवार्य रुपमा मन्त्रालयमा सूचीकरण हुनुपर्ने अन्यथा नेपालभित्र सञ्चालन गर्न नपाइने जानकारी गराउनु भयो। उहाँले जुन देशमा व्यवसाय गर्‍यो, त्यही देशको कानुन पालना गर्दिनँ भने अधिकार कसैलाई नरहेको उल्लेख गर्दै स्वतन्त्रताको नाममा मुलुकको सामाजिक सद्भाव खलबल्याउने अधिकार कसैलाई नहुने चेतावनी समेत दिनुभयो।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेशप्रसाद आचार्यले सूचनाको हक लोकतन्त्र, सौहार्दता र सुशासनको खम्बा भएकाले सूचना दिने र लिने दुवै उत्तिकै जिम्मेवार हुनुपर्ने बताउनुभयो। उहाँले सार्वजनिक सरोकारका विषयमा सूचना दिँदैमा दण्डनीय भइन्छ भन्ने भावबाट मुक्त हुन कर्मचारी र विभागीय प्रमुखलाई आग्रह गर्नुभयो।

सूचना आयक्त गगन विष्टले सार्वजनिक निकायले सूचना दिन सक्षम छैनौं भन्ने छुट कानुनविपरीत रहेको बताउनुभयो। उहाँले अहिले आफुले सूचना लुकाइरहदा भोली आफैंले न्यायिक प्रयोजनका लागि सूचना माग गर्नुपर्ने अवस्था आउन सक्ने तर्फ सचेत गराउनुभयो।



आयुक्त दुर्गा भण्डारी पौडेलले सूचना माग्दा सम्बन्धित अधिकारीले आफ्नो निजी सम्पत्ति दिए जस्तो कठोर भाव नराखी सरल र सहज वातावरण सिर्जना गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा आयोगका सचिव दीर्घराज मैनालीले सार्वजनिक निकायमा सूचनाको हक अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। सूचनाको हक सम्बन्धी विश्वव्यापी सिद्धान्तहरू, सूचनाको हकको संवैधानिक र कानूनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, पुनरावेदको व्यवस्था, सूचना नदिएका कारण भोग्नु पर्ने सजायँ र क्षतिपूर्ति समेतको व्यवस्थाका बारेमा बताउनु भएको थियो।

सो अवसरमा सहभागी मन्त्रालय, विभाग, बोर्ड, संस्थान लगायत प्रवक्ता सूचना अधिकारीले सूचना नागरिक र सञ्चारकर्मीलाई उपलब्ध गराउँदा भएको चुनौती र कानुनी अप्ठ्याराका विषयमा गुनासो राखेका थिए।

कार्यक्रमको सञ्चालन आयोगका उपसचिव देबेन्द्र कार्कीले गर्नु भएको थियो।

# सार्वजनिक निकाय सूचना दिनुपर्ने दायित्वबाट पन्छिन नहुने – गृहमन्त्री लेखक




गृहमन्त्री रमेश लेखकले सूचना पाउने हक नागरिकको भए पनि सार्वजनिक निकाय सूचना दिनुपर्ने दायित्वबाट पन्छिन नहुने बताउनु भएको छ। राष्ट्रिय सूचना आयोगले जेठ ६ गते आयोजना गरेको मन्त्रालय र संबैधानिक आयोगका सूचना अधिकारी तथा प्रमुखहरूसँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री लेखकले लोकतन्त्रलाई परिणाममुखी बनाउन आयोगहरूको गठन हुने गरेको बताउनुभयो। उहाँले सरकारको कामलाई नियामक निकायहरूले प्रभावकारी बनाउन जोडदिनुभयो। उहाँले भन्नुभयो "सूचनाको हकले जनताप्रति सरकार उत्तरदायी हुनु पर्दछ। राज्यका काम कारवाही पारदर्शी हुनु पर्दछ, सरकारको कामबारे जनताले थाह पाउनु पर्छ। तब मात्रै विधिको शासन स्थापना हुन्छ। राष्ट्रिय सूचना आयोगको भूमिका सूचनाको हकको कार्यान्वयनमा महत्त्वपूर्ण हुने विचार राख्दै उहाँले नेपालको संविधान, २०७२ मा व्यवस्था भए बमोजिमको धारा २७ को सूचनाको हकको पालना गर्दा धारा २८ को गोपनियताको हकको समेत विचार गर्नु पर्ने स्मरण गराउनु भयो। सो अवसरमा कार्यक्रमका अध्यक्ष राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यले सूचना शक्ति भएकोले सूचनामा खेल्ने व्यक्ति बलियो बन्ने गरेको भन्दै सूचना दिइएको कारण समाज परिवर्तन गर्ने गरी लायक काम गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो। सूचना दिएको कारणले दण्डित भए आयोगले संरक्षण गर्छ, सूचना खोजेर पनि












दिनुपर्ने कानूनी व्यवस्था रहेकोले नागरिकलाई वलियो र राज्यलाई जिम्मेवार वनाउने काम सूचनाको हकले गर्छ भन्दै डा. आचार्यले आयोगको कार्यक्षेत्र देशव्यापी भएपनि केन्द्रमा मात्रै संरचना रहेको र प्रदेशस्तरसम्म संरचना लैजाने योजना रहेको, प्रत्येक नागरिकले अनलाईनबाटै सूचना माग्न सक्ने गरी व्यवस्थित बनाउन आयोग लागिरहेको जानकारी गराउनु भयो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त गगन बिष्टले सूचनाको हक प्रत्येक नागरिकका लागि भएको हुँदा आज पदमा बस्दा नदिने पछि आफैंले सूचनाको हक प्रयोग गर्नुपर्ने अवस्था आउन सक्ने हुँदा नागरिकको हक अधिकार प्रयोग गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो ।

सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले सहभागीहरूलाई स्वागत गर्दै कुनै पनि सूचना माथिको सहज पहुँच नै सूचनाको हक भएकोले सूचना दुरुपयोग, चेतना र ज्ञानको कमीले हुनसक्ने भएको हुँदा व्यवहारिक कठिनाईलाई छलफलबाट टुङ्गो लगाउन सकिने बताउनु भयो । उहाँले सबै सार्वजनिक निकाय र सूचनाको हकका अभियन्ताहरूलाई नागरिक हकको सहि ढंगले कार्यान्वयन र सदुपयोग गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सचिव दीर्घराज मैनालीले सूचनाको हक सम्बन्धी सैद्धान्तिक, व्यावहारिक पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले सूचनाको हक सम्बन्धी विश्वव्यापी सिद्धान्तहरू, सूचनाको हकको संवैधानिक र कानूनी आधार, सार्वजनिक निकायको दायित्व, सूचना अधिकारीको व्यवस्था, पुनरावेदनको व्यवस्था, सूचना नदिएका कारण भोग्नु पर्ने सजायँ र क्षतिपूर्ति समेतको व्यवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रमको संचालन आयोगका उपसचिव देवेन्द्र कार्कीले गर्नु भएको थियो ।



# सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आईसीआईसी) मा नेपालको सहभागिता

सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आईसीआईसी) को १६औं संस्करण जर्मनीको राजधानी बर्लिनमा सम्पन्न भएको छ। जुन २३ देखि २५, २०२५ (२०८२ असार ९-११) सम्म चलेको सम्मेलनले पारदर्शिता, जवाफदेहिता, समावेशिता, खुलापन, स्वयत्तता







एवम् आत्मसम्मान र सहकार्यलाई मार्ग निर्देशक सिद्धान्तका रुपमा अंगीकार गरेको छ। यी सिद्धान्तका आधारमा ११ बुँदे बर्लिन घोषणापत्र जारी गरिएको छ। सम्मेलनका क्रममा भएका विषयगत छलफलहरू मूलतः दीगो विकासका लागि वातावरण संरक्षण र डिजिटल डेटा संरक्षणमा केन्द्रीत रहे। घोषणापत्रका ११ मध्येको एक बुँदामा वातावरणमा पारदर्शिता र डिजिटल रुपान्तरणका लागि आईसीआईसीले सम्वाद, सहयोग र कार्ययोजनाको बिश्वमञ्चका रुपमा काम गर्ने उद्घोष गरेको छ। दीगो विकास, जनस्वास्थ्य, जलवायु न्यून र प्रभावकारी शासनको आधारशीलाका रूपमा वातावरणीय सूचनामा पहुँच बढाउने प्रतिवद्धता पनि घोषणापत्रमा जनाइएको छ।

आईसीआईसीको १७औं संस्करण अर्को वर्ष अफ्रिकी मुलुक सियरा लिओनमा हुने भएको छ। सियरा लिओनका प्रमुख सूचना आयुक्त डा. इब्राहिम सिगा शोले बर्लिनमा यस वर्षको सम्मेलन समारोहका सबै सहभागीलाई अर्को वर्ष आफ्नो मुलुकमा स्वागत गर्न चाहेको बताउनु भयो। यसैगरी आईसीआईसीको १८औं संस्करण २०२७ क्यानडामा हुने भएको छ। क्यानडाका सूचना आयुक्त क्यारोलिन मेनार्डले यसको घोषणा गर्नु भएको हो।

यसपटक बर्लिनमा सम्पन्न आईसीआईसी १६ औं संस्करणमा सधैं झैं नेपालका तर्फबाट राष्ट्रिय सूचना आयोगले सहभागिता जनाएको छ। आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आर्चाय र सचिव दीर्घराज मैनाली सम्मेलनमा सहभागी हुनु भएको थियो।

कार्यक्रमको पहिलो दिन उद्घाटन सत्रमा अध्यक्ष तथा आईसीआईसी सचिवालयका तर्फबाट अल्वानियाका बेस्निक डेरभिसी र आयोजक जर्मनीका तर्फबाट डेटा संरक्षण तथा सूचनाको स्वतन्त्रता आयोगका संघीय आयुक्त प्राध्यापक डा. लुइसा स्पेक्ट - रिमिस्निडरले स्वागत गर्नुभयो। उद्घाटन सत्रमै जर्मनीको वातावरण मन्त्रालयका संसदीय सचिव रिता स्वार्जलर - सुटर र युनेस्को केन्द्रीय कार्यालय पेरिसका सूचना सम्बन्धी सचिव एवम् नीति तथा डिजिटल रुपान्तरण महाशाखाका निर्देशक गुलहरमी कोनेला डिसुइजा गोडाईले सम्मेलनको विषयवस्तुमा मुख्य अवधारणा (Key Note Speech) राख्नु भएको थियो।

विषयवस्तु प्रवेश गर्दै जर्मनीका सचिव स्वार्जलर-सुटरले पृथ्वीलाई बचाउँ-चुनौतीको सामना गरौं भन्ने नाराबाट आफ्नो भनाई प्रारम्भ गर्नु भयो। उद्योग, माटो र वातावरणका विषयमा पारदर्शिता अबको सोच हुनु पर्ने उहाँको धारणा थियो। सूचनाको उपलब्धता उपभोक्तामैत्री हुनु पर्ने र सूचना सबैले सहज रूपमा पाउनु पर्ने उहाँले बताउनु भयो। यसैगरी युनेस्कोका निर्देशक गोडाईले दीगो विकास लक्ष्यको १६.१०.२ ले सूचनाको अधिकारलाई प्राथमिकता दिएको स्मरण गराउनु भयो र भन्नुभयो- खुलापनको संस्कृतिको अभाव यत्रतत्र छ। हामी सबै व्यस्त छौं। कर्मचारीतन्त्रमा सूचना कहाँ छ भन्ने कुराको नै सूचना छैन। संस्थागत अभिलेख पाउन कठीन छ। यो नै सूचना प्रवाहको चुनौती हो।

सम्मेलनमा पहिलो र दोस्रो दिन सात सातवटा विषयवस्तुमा समानन्तर सेसन सञ्चालन गरिएको थियो। साथै अलग अलग महादेश अनुसारका क्षेत्रीय बैठकहरू सञ्चालन भएका थिए। नेपाल दक्षिण पूर्व एशिया अन्तर्गतका मुलुकहरू संगठित एशियन एक्सेस टु इन्फर्मेशन अलायन्स बैठकमा पर्यवेक्षकका रूपमा सहभागी भएको थियो। नेपालले आइसीआईसीका सदस्यहरू महादेश अनुसार स्वतः क्षेत्रीय सञ्जालको सदस्य हुनुपर्ने विषय उठाएको थियो। यस अतिरिक्त, अफ्रिकन नेटवर्क अफ इन्फर्मेशन कमिसन्स, ट्रान्सपरेन्सी एण्ड एक्सेस टु इन्फर्मेशन, एशोसिएशन अफ इन्फर्मेशन एक्सेस कमिसनर्स र यूरोप रिजनल नेटवर्कका बैठक समानान्तर रुपमा सञ्चालन भएका थिए।


कार्यक्रमको तेस्रो दिन समापन अघि हरेक क्षेत्रका मुलुकका विषयमा क्षेत्रीय रूपमा सूचनाको हकको अवस्थाका बारेमा प्रस्तुति गरिएको थियो। दक्षिण पूर्व एशियाका तर्फबाट नेपाल



लगायतका देशका विषयमा फिलिपिन्सको राष्ट्रपतिको सञ्चार कार्यालयका सञ्चार तथा क्षमता विकास महाशाखा प्रमुख क्रिजिया केसी एभेजारले प्रस्तुति गर्नु भयो। उहाँ एशियन एक्सेस टु इन्फर्मेशन अलायन्सको अध्यक्ष पनि हुनुहुन्छ। सम्मेलनमा झण्डै १०० देशका १५० भन्दा बढी प्रतिनिधि सहभागी भएका थिए।



# नेपाली राजदूतहरूसँग अलग्गै छलफल



सूचना आयुक्तहरूको अन्तर्राष्ट्रिय सम्मेलन (आईसीआईसी) मा भाग लिने क्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्य र सचिव दीर्घराज मैनालीले चार देशका राजदूतहरूसँग अलग अलग भेट गरी सूचना प्रवाहका बारेमा छलफल गर्नु भएको छ ।

जर्मनीका लागि नेपाली राजदूत डा. शैल रुपाखेतीसँग बर्लिनमा छलफल भएको थियो । यस क्रममा उहाँले सीमित कर्मचारीका बीच काम गर्नु परे पनि जर्मनी र नेपालबाट माग हुने सूचनाका विषयमा जानकारी गराउने गरेको बताउनु भयो । जर्मनीमा नेपाली भाषामा समाचार प्रकाशन प्रसारण गर्ने नेपाली मूलका पत्रकारहरूले बेलाबखत सूचना माग्ने गरेका जानकारी दिनुभयो ।

काम गर्न गएका नेपाली नागरिकको मृत्यु वा असहज परिस्थितिमा गुज्रनु परेको अवस्थाबारे नेपालबाट समेत पत्रकारले सूचना माग गर्ने गरेको जानकारी दूतावासका डीसीएम सागर फुयाँलले दिनुभयो ।

बेल्जियमका राजदूतले युरोपियन युनियन र लक्जेम्वर्ग समेतमा राजदूतको भूमिका निर्वाह गरिरहेको तर दूतावासको जनशक्ति अत्यन्त कम रहेको राजदूत सेवा लम्सालले जानकारी दिनुभयो । उहाँले आफू परराष्ट्र मन्त्रालयमा रहँदा प्रवक्ताको भूमिकामा समेत रहेको स्मरण गर्दै सूचना माग गर्नेप्रति दूतावास सकारात्मक रहेको बताउनु भयो ।

फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले सूचनाको हकका सन्दर्भमा आफूले परराष्ट्र मन्त्रालयमा सूचना अधिकारी रहँदा राष्ट्रिय सूचना आयोगमा छलफलका लागि उपस्थित भएको स्मरण गर्नु भयो । युनेस्कोका लागि राजदूत समेत रहनु भएका भट्टराईले युनेस्को र फ्रान्समा रहेका नेपाली नागरिकसँग सम्बन्धित सूचनाहरू दूतावासले उपलब्ध गराउँदै आएको बताउनु भयो । उहाँले डिसीएमलाई नै सूचना अधिकारी तोकिएको पनि जानकारी दिनुभयो ।

संयोगवश जर्मनी भ्रमणमा रहनु भएकी डेनमार्कका लागि नेपाली राजदूत सुम्निमा तुलाधरसँग पनि बर्लिनमा छलफल गरियो । यूरोपका दूतावासमध्ये नं सबैभन्दा कम जनशक्तिका आधारमा काम गरिरहेको जानकारी दिंदै उहाँले सूचनाको हकका विषयमा डेनमार्कमा अध्ययनरत विद्यार्थीहरू यदाकदा आउने गरेको र आफूले उनीहरूलाई सूचना उपलब्ध गराउने गरेको छलफलका क्रममा बताउनुभयो ।

छलफलका क्रममा प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्यले हरेक नेपाली जहाँ रहे पनि सूचनाको अधिकार राख्ने भएकाले नेपाली दूतावासहरूले पनि सूचना प्रवाह गर्नु पर्ने बताउनु भयो । आयोग सचिव दीर्घराज मैनालीले सूचना प्रवाह गरेर नै अफवाहहरूलाई चिर्न सकिने बताउनु भयो ।






# अन्तरक्रिया तथा अनुगमन



राष्ट्रिय सूचना आयोगले नुवाकोट स्थित जिल्लाका कार्यालयका सूचना अधिकारी तथा कार्यालय प्रमुखहरूसँग सूचनाको हक कार्यन्वयनको अनुगमन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। राष्ट्रिय सूचना आयोग र प्रमुख तथा सूचना अधिकारीहरूसँग सूचनाको हक अभ्यास बारे असार ८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

आयोगका सूचना आयुक्त दुर्गा भण्डारी पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। जिल्ला स्थित कार्यालय प्रमुख र सूचना अधिकारीबीच सूचनाको हक सम्बन्धी ऐनमा भएका व्यवस्था, नागरिकहरूको सूचनाको हकको संरक्षण, अभ्यास र कार्यान्वयन भएका व्यवहारिक कठिनाईहरू बारे चर्चा गरिएको थियो। आयुक्त भण्डारीले सूचनाको हकको अभ्यासले पारदर्शीता कायम तथा सुशासन कायम हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले लोकतन्त्रलाई बलियो बनाउने हो भने नागरिकको सूचनाको हकको असल अभ्यासलाई अगाडी बढाउनुपर्छ भन्नुभयो। उहाँले “कुनै पनि बहानामा सूचना





दिन्न भन्न मिल्दैन र सूचनाको दुरुपयोग गर्नेहरूलाई कारवाहीको व्यवस्था कानुनले गरेको छ" भन्नुभयो ।

सो अवसरमा नुवाकोटका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले नुवाकोट जिल्लामा सूचनाको हकको कार्यान्वयन प्रभावकारी ढंगबाट भईरहेको बताउनु भयो । उहाँले सूचना माग्न आउने नब्बे प्रतिशत पत्रकारिता पृष्ठभूमि भएकाहरू हुन जानकारी समेत दिनुभयो । राष्ट्रिय सूचना आयोगलाई सहजकर्ताको भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । कार्यक्रमको संचालन सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद हुमागाईले गर्नुभएको थियो । आयोगका कर्मचारीहरू शाखा अधिकृत मंदिरा मर्हजन र नायब सुब्बा गंगा पौडेलले जिल्ला स्थित कार्यालयमा गई सूचनाको हक कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुभएको थियो ।





# प्रमुख सूचना आयुक्त र अमेरिकी राजदूतबीच छलफल



राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्य र नेपालका लागि अमेरिकी राजदूत डिन आर. थो मसनबीच आयोग र दूतावासबीच सहकार्य बढाउने विषयमा छलफल भएको छ । अमेरिकी राजदूतले यस अघि अमेरिकी सहयोग नियोग मार्फत सहकार्य गरिएका आयोग तथा सरकारी निकायका प्रमुख तथा प्रतिनिधिसँग छलफल गर्नु भएको थियो ।

भेटका क्रममा प्रमुख सूचना आयुक्त डा. आचार्यले सूचनाको हक प्रवर्द्धनका लागि अमेरिकाले गरेको सहयोगका लागि धन्यवाद दिँदै नियोग बन्द भए पनि सूचनाको हकका मुद्दामा अमेरिकी चासो र दायित्व कायम रहने बिश्वास व्यक्त गर्नु भयो । आयोगले सूचना दिने प्रवृत्तिलाई प्रोत्साहन र सूचना प्रवाहलाई सहज बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने तयारीमा रहेको जानकारी पनि गराउनु भयो ।

भेटका क्रममा राजदूत थोमसनले सूचनाको हकका पक्षमा अमेरिका सकार त्मक रहने उल्लेख गर्दै भावी दिनमा छलफल गरेर अगाडि बढ्ने सम्भावना रहेको जानकारी दिनुभयो ।

# आयोगको नियमित पत्रकार सम्मेलन




राष्ट्रिय सूचना आयोगको संयोजनमा आगामी भदौ ३ गते राष्ट्रिय सूचना दिवस मनाइने भएको छ । प्रमुख आयुक्त सुरेशप्रसाद आचार्यको अध्यक्षतामा १० सदस्यीय मूल आयोजक समिति गठन गरिएको हो । राष्ट्रिय सूचना आयोगले यहि जेठ २६ गते पत्रकार सम्मेलन मार्फत पत्रकारहरूलाई सो बारे जानकारी गराएको थियो । मूल समारोह समितिमा आयोगका आयुक्त गगनविष्ट र दुर्गा भण्डारी पौडेल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, सङ्घीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहनुभएको छ । त्यस्तै नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ प्रदेश अनुगमन, इकाईका संयोजक पनि सदस्य रहनुभएको छ । आयोगका सचिव दीर्घराज मैनाली समितिका सदस्यसचिव रहनुभएको छ । यसअघि पनि उक्त दिनलाई राष्ट्रिय सूचना दिवसका बारे पत्रकारहरूलाई जानकारी गराएको थियो ।

# नेपाल राष्ट्र बैंकका कार्यालय प्रमुख र सूचना अधिकारसँग अन्तरक्रिया




नेपाल राष्ट्र बैंकका कार्यालय प्रमुख र सूचना अधिकारी बिच यहि असार १६ गते भर्चुअल माध्यमबाट सूचनाको हक र नेपाल राष्ट्र बैंक बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। नेपाल राष्ट्र बैंकले आफ्ना शाखा कार्यालय अर्न्तगतका कार्यालय प्रमुख र सुचना अधिकारीसँग अतरक्रिया कार्यक्रमको आयोजना गरेको हो। सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगका आयुक्त दुर्गा भण्डारी पौडेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले सूचनाको हकले लोकतन्त्रलाई बलियो बनाउने बताउनु भयो। सूचनाको हक खुल्ला समाजको अवधारणा अनुसार राज्यका गतिबिधीहरूलाई पारदर्शी बनाउने बताउनुभयो। उहाँले, सार्वजनिक निकायको आर्थिक गतिबिधिलाई नागरिकहरूले नियालि रहेका हुँदा, सूचना माग गर्नु कुनै नौलो र अनौठो नभएको हुँदा कानुनले दिन मिल्ने सूचना दिनुपर्ने र कार्यालय आफैं स्वयम्ले पनि ३/३ महिनामा सूचना प्रकाशित गर्नुपर्नेमा ध्यानाकर्षण गराउनुभयो। सो अवसरमा नेपाल राष्ट्रबैंकका सूचना अधिकारी सुमन न्यौपानेले बैंकहरूको नियामक संस्था नेपाल राष्ट्रबैंकले आफ्ना गतिबिधिहरू खुल्ला र पारदर्शी बनाउँदै लगेको बताउनुभयो। “सूचना माग्न आउनेहरूले सहज रुपमै दिन मिल्ने सूचनाहरू उपलब्ध गराउँदै आएको छौं” भन्नुभयो। कार्यक्रमको संचालन नेपाल राष्ट्र बैंकका सहायक निर्देशक सबिन ओलीले कार्यक्र संचालन गर्नुभएको थियो।

# आयोगका कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रम




राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा तनाव व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न भएको छ । २०८२ जेठ १६ र १७ गते भएको कार्यक्रममा कर्मचारीहरूलाई लेखनमा उत्प्रेरणा जगाउने कार्यका लागि प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यले लेखन कलाबारे जानकारी गराउनु भएको थियो । उहाँले प्रेस वक्तव्य र प्रकाशनका विषयबस्तुबारे प्रकाश पार्दै प्रमुख आयुक्त आचार्यले राष्ट्रिय सूचना आयोगको कामको प्रकृतिलाई चिनाउन सबैलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो - आयोगको कामलाई चिनाउन र सूचनाको हकको प्रयोग नागरिक तहसम्म पुऱ्याउन त्यस्तै प्रकृतिको काम गर्नुपर्छ ।

कार्यक्रमको दोस्रो दिनमा जीवन विज्ञानका प्रशिक्षक एल पी भानु शर्माले कर्मचारीहरूले कार्यालयको काममा तनाव लिन नहुने बताउनुभयो । उहाँले तनाव व्यवस्थापन गर्ने सहज माध्यम योग भएको बताउँदै योग र ध्यानबाट मात्रै तनावबाट मुक्ति मिल्ने बिश्वास व्यक्त गर्नुभयो ।

आयोगका सचिव दीर्घराज मैनालीले सूचनाको हक कार्यान्वयनमा भएका चुनौती र भावी कार्यदिशाको बारेमा प्रक्षिणण दिनुभएको थियो । सो अवसरमा उहाँले नागरिकलाई सेवा प्रवाह गर्दा मन्दमुस्कान सहित सेवा दिनुपर्ने बताउनुभयो ।

तालिममा स्वागत गर्दै उपसचिव देवेन्द्र कार्की तालिमले कर्मचारीहरूमा केही हदसम्म भए पनि उत्साह र नयाँ उर्जा थपिने बिश्वास व्यक्त गर्नुभयो । उहाँले एकै किसिमको दैनिकी र गर्नुपर्ने कामको बोझका कारण व्यक्तिमा देखा पर्ने अनेक खालका तनावलाई यस्ता कार्यक्रमले कम गर्न मद्दत पुग्ने विचार व्यक्त गर्नुभयो ।






# राष्ट्रिय सूचना आयोगका कर्मचारीहरू सम्मानित



राष्ट्रिय सूचना आयोगमा कार्यरत कर्मचारीहरू सम्मानित हुनुभएको छ । योगदानका आधारमा आयोगले आफ्नो बार्षिकोत्सवको अवसरमा कर्मचारीहरूलाई पुरस्कृत गरेको हो । राष्ट्रपति कार्यालय शितल निवासमा आयोजित समारोहमा उत्कृष्ट योगदान पुऱ्याउने कर्मचारीहरू मध्येबाट उप-सचिव सन्तोष कुमार दाहाल, उप-सचिव सुदर्शन ढकाल, शाखा अधिकृत दिनेश लुईटेल र नायब सुब्बा रञ्जना कुमारी दाहाललाई उत्कृष्ट कर्मचारी पुरस्कार-२०८२ ले सम्मान गरिएको हो । उपसचिव दहाल, ढकाल र शाखा अधिकृत लुईटेल र नायव सुब्बा दहाललाई नगद सहित ३० हजार र सम्मानपत्र प्रदान गरिएको थियो । त्यसै गरी आयोगमा कार्यरत उत्कृष्ट सहायक कर्मचारी हलुका सवारी चालक सिताराम बस्नेत र कार्यालय सहयोगी माईली तामाङलाई प्रोत्साहन पुरस्कार नगद राशी १० हजार सहित सम्मानपत्र प्रदान गरिएको थियो ।

# आर्थिक वर्ष २०८१/८२ को पुनरावेदन शाखाको प्रगति विवरण

| आदेशको किसिम | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा १०(२) बमोजिम लिखित जवाफ पेश गर्नु | २०९ | १४७ | ७७ | १३७ | १२१ | ६५ | ३९ | ५४ | १४ | ५१ | ४९ | २२ | ९८५ |
| नियम २४(२) बमोजिम लिखित जवाफ पेश गर्नु | | | | | | | | | | | २ | १ | ३ |
| दफा १०(३)(क) बमोजिम सूचना उपलब्ध गराउनु | १ | ६२ | २९ | २७ | ४१ | ३१ | ८३ | ५७ | २४ | २२ | ३ | ७३ | ४५३ |
| दफा ३२ बमोजिम कारबाही किन नगर्ने ? | १ | | | | ११ | | ३ | १ | ५ | २ | | | २३ |
| दफा ३२ बमोजिम कारबाही गर्नु भन्ने आदेश | | १ | | १ | | | | | | | | | २ |
| दफा १०(३)(ख) बमोजिम पुनरावेदन खारेज गर्नु | | ४३ | ८ | ३३ | | ३५ | ४० | ४९ | १३ | २६ | १५२ | ३१० | ७०९ |
| दफा २९(५) बमोजिमको आदेश | | | | | | | | | | | १ | | १ |
| जम्मा आदेश संख्या | २११ | २५२ | ११४ | १९८ | १७३ | १३१ | १६५ | १६१ | ५६ | १०१ | २०७ | ४०६ | २१७५ |
| इजलास संख्या | ९ | ८ | ६ | ७ | ६ | ७ | ६ | ७ | ३ | ५ | ९ | १० | ८३ |
| पत्राचार भएको | ४१५ | ३१७ | २१० | २०० | ३०२ | ११३ | १९६ | १९३ | ३४ | १४६ | २५१ | ४६४ | २८४१ |
| उजुरीको संख्या | | | | | | | | | | | ३ | १ | ४ |
| मुद्दा दर्ता संख्या | २०९ | १४७ | ७७ | १३७ | १२१ | ६९ | ३९ | ७२ | १४ | ८३ | ६९ | १२ | १०५३ |

- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने नागरिकको अधिकार हो ।
- सूचनाको हक प्रयोग गरी आफूसँग सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- लोकतन्त्रको आधार : सूचनाको अधिकार ।
- प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।


**सल्लाहकार**
डा. सुरेशप्रसाद आचार्य
प्रमुख आयुक्त

गगन विष्ट
आयुक्त

**प्रधान सम्पादक**
दुर्गा भण्डारी पौडेल
आयुक्त

**सम्पादक मण्डल**
दीर्घराज मैनाली
सचिव

देवेन्द्र कार्की
उपसचिव

दिनेश लुईटेल
शाखा अधिकृत

**प्रकाशक:**
**राष्ट्रिय सूचना आयोग**



**सूचना आयोग भवन:** त्रिपुरेश्वर, काठमाडौं, नेपाल, **फोन नं.:** ०१-४५९६५४४, **फ्याक्स नं.:** ०१-४५९६५४५, **वेबसाइट:** nic.gov.np, **इमेल:** info@nic.gov.np

/rtinepal
/suchanaayog